हे मानिसहरू! अल्लाहसामु पश्चात्ताप गर र उहाँसँग क्षमा माग, किनकि म आफैँ पनि दिनमा सय पटक पश्चात्ताप गर्छु।

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) का एक सहाबी अगर्र (रजियल्लाहु अन्हु) ले वर्णन
गरेका छन्, कि रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नु भएको छ: "हे मानिसहरू! अल्लाहसामु पश्चात्ताप गर र उहाँसँग क्षमा माग, किनकि म आफैँ पनि दिनमा सय पटक पश्चात्ताप गर्छु।"
[सही] [मुस्लिमले वर्णन गरेका छन्]

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले मानिसहरूलाई अधिकाधिक पश्चात्ताप गर्न र क्षमायाचना गर्न आदेश दिनुभएको छ। साथै उहाँले आफ्नै सम्बन्धमा यो पनि बताउनुभएको छ कि उहाँ दिनमा सय पटकभन्दा बढी पश्चात्ताप गर्नुहुन्छ र अल्लाहसमक्ष क्षमा माग्नुहुन्छ — जबकी उहाँका अगाडिका र पछाडिका समस्त पाप क्षमा गरिसकिएका छन्। यसमा अल्लाहप्रतिको पूर्ण विनम्रता एवं सम्पूर्ण दासत्वको उत्कृष्ट अभिव्यक्ति छ।

http://sunnah.global/hadeeth/ne/show/4809